एउटा सामुदायिक मानसिक स्वास्थ्य केन्द्रका रुपमा, हामी डेनभरको मानसिक स्वास्थ्य केन्द्रमा हरेकको आवाजको महत्त्व हुन्छ भन्ने कुरा जान्दछौं। आफ्ना आवाजहरू सुनाउनका लागि चुनावमा मतदान गर्नु एउटा शक्तिशाली विधि हो। तपाईंले मतदान गर्दा, तपाईंले महत्त्वपूर्ण निर्णयहरूमाथि प्रभाव पार्नुहुन्छ जसले हाम्रो दैनिक जीवनलाई असर पार्छन्।

यदि तपाईं यस वर्षको चुनावमा भाग लिन चाहनुहुन्छ भने, हामी तपाईंलाई रजिस्टर गर्नका लागि मद्दत गर्न सक्छौं।

**मतदानका लागि कसरी रजिस्टर गर्ने वा आफ्नो रजिस्ट्रेसन अद्यावधिक गर्ने):**

मतदानका लागि रजिस्टर गर्न तीनवटा तरिकाहरू छन्:

1. **अनलाइन:** यदि तपाईंसँग कोलोराडो राज्य वाहन चालकको लाइसेन्स वा आइडि छ भने तपाईंले यहाँ अनलाइन मतदानका लागि रजिस्टर गर्नसक्नुहुन्छ।

अनलाइन दर्ता को लागी समय सीमा: अक्टोबर 25, 2021

2. **व्यक्तिउपस्थितभएर**: तपाईंले अक्टोबरको मध्यमा सुरु हुने डेनभरका विभिन्न स्थानहरूमा आफैं उपस्थित भएर मतदानका लागि रजिस्टर गर्न र मतदान गर्न सक्नुहुन्छ(सुरु हुने दिन स्थानमा आधारित हुनेछ)। यस मानचित्रले डेनभरका सम्पूर्ण व्यक्ति-उपस्थित रजिस्ट्रेसन तथा चुनाव स्थलहरू देखाउँछ।

व्यक्ति उपस्थित रजिस्ट्रेसनका लागि समयसीमा: नोभेम्बर 2, 2021 बेलुकी 7 बजेसम्म (चुनाव दिन)

3. **हुलाकमार्फत**: यदि तपाईंसँग कोलोराडो लाइसेन्स वा आइडि छैन वा हुलाकद्वारा रजिस्टर गर्न चाहनुहुन्छ भने, तपाईंले कोलोराडो मतदाता रजिस्ट्रेसन फाराम प्रिन्ट गरेर भर्न सक्नुहुन्छ। त्यसपछि तपाईंले सो फाराम निम्न ठेगानामा हुलाकबाट वा आफैं पुर्‍याउन सक्नुहुन्छ:

Colorado Department of State
Elections Division
1700 Broadway, Suite 200
Denver, CO 80290

वा

Denver Elections Division
200 W. 14th Ave.
Suite 100
Denver, CO 80204

वा निम्न नम्बरमा फ्याक्स गर्न सक्नुहुनेछ: 303-869-4861

<u>कागजको रजिस्ट्रेसनका लागि समयसीमा</u>:फारमहरू सोमबार, अक्टोबर 25, 2021 सम्म निर्वाचन कार्यालय द्वारा प्राप्त गर्नु पर्छ आफ्नो फाराम समयमै पुगेको सुनिश्चित गर्नका लागि छिटोभन्दा छिटो हुलाकबाट पठाउने वा पुर्‍याउने निश्चित गर्नुहोस्। यदि तपाईँले यो समयसीमा छुटाउनु भयो भने, तपाईँले हुलाकद्वारा मतपत्र प्राप्त गर्नुहुनेछैन, तर पनि मतदाता सेवा र मतदान केन्द्रमा तल हेर्नुहोस्) उपस्थित भएर मतदान गर्न सक्नुहुनेछ।

तपाईँ आफ्नो रजिस्ट्रेसनको स्थिति जाँच गर्न र आम प्रश्नहरू जबाफ प्राप्त गर्नका लागि कोलोराडो राज्य सचिवको वेबसाइट मा जान सक्नुहुन्छ।

**प्रश्नहरू:**

- आफ्नो रजिस्ट्रेसन का विषयमा यदि तपाईँसँग कुनै प्रश्नहरू छन् भने, कृपया कोलोराडो राज्य सचिवलाई सम्पर्क गर्नुहोस्: 303-894-2200 वा elections@sos.state.co.us।

**मतदान कसरी गर्ने (तपाईँले रजिस्ट्रेसन गरिसकेपछि):**

कोलोराडोमा हामीसँग मतदान गर्ने तीनवटा तरिका छन्:

1. **हुलाक:** अक्टोबरबाट सुरु गरेर, मतदानका लागि रजिस्टर भएका सबैले हुलाकबाट एउटा मतपत्र प्राप्त गर्नेछन्। तपाईँले मतपत्र प्राप्त गरिसकेपछि, तपाईँ त्यसलाई भर्न, हस्ताक्षर गर्न र हुलाकबाट पठाउन सक्नुहुन्छ।वा
2. **पुर्‍याउने:** आफूले पूरा भरेको मतपत्र डेनभरका24-घण्टे मतपत्र खसाल्ने बाकस मा फिर्ता गर्न सक्नुहुन्छ।वा
3. **व्यक्तिउपस्थितभएर**: अक्टोबर 19 बाट सुरु गरेर, तपाईँले डेनभर भरि मतदाता सेवा तथा मतदान केन्द्रहरूमा आफैँ गएर मतदान गर्न सक्नुहुन्छ। यस मानचित्रले डेनभरका मतदान केन्द्रहरू देखाउँछ।

**सम्भावित चुनौतीहरू र समाधानहरू:**

कोलोराडोमा मतदानका लागि रजिस्टर गर्ने र मतदान गर्ने कार्य सबैका लागि पहुँचयोग्य बनाइएको छ। त्यसो हुँदाहुँदै पनि केही चुनौतीहरू देखा पर्न सक्छन्, जस्तै:

- घरको ठेगानामा हुलाक प्राप्त गर्न नसक्नु *घरको ठेगानामा हुलाक प्राप्त गर्न नसक्ने मानिसहरू, स्थिर घर नभएकाहरू, वा गृहविहीनता अनुभव गरिरहेकाहरूले आफूहरू नियमित रूपमा फर्किन सक्ने ठेगाना प्रयोग गर्न सक्नेछन्। यसमा गृहविहीन केन्द्र, गृहविहीन सेवा प्रदायक, कुनै व्यवसायको ठेगाना वा अन्य कुनै भौतिक स्थान सामेल हुन सक्छन्।*

- मतदान स्थल वा मतपत्र खसाल्ने बाकसमा जानका लागि यातायात *स्थानान्तरण तालिका, मार्ग सम्बन्धी प्रश्नहरू र भाडा छूटका लागि तपाईँले आरटिडिलाई 303-299-6000 मा फोन गर्न सक्नुहुन्छ। यातायातविकल्पहरूकोशृङ्खलापत्तालगाउनतथायातायाततयगर्नसहयोगका लागि, तपाईँलेडेनभरक्षेत्रीयगतिशीलतातथापहुँचपरिषद्लाई303-243-3113माफोनगर्नवा[https://www.drmac-co.org/](https://www.drmac-co.org/)माजानसक्नुहुन्छ।*
- स्टाम्प खरीद *मतपत्रहरूका लागि हुलाक खर्च 71 सेन्ट वा दुईवटा "फरएभर" स्ट्याम्पहरू हो। स्ट्याम्प बिनाको मतपत्रलाई पनि पुर्‍याउने छ र मतगणनामा सामेल गरिनेछ।*
- हुलाक सेवामा बिलम्बहरू *अमेरिकी हुलाक विभाग (युएसपिएस) ले बिलम्ब अनुभव गरिरहेको छ जसको अर्थ तपाईँले हुलाकबाट पठाएको मतपत्र ठाउँमा पुग्न लामो समय लाग्न सक्छ। आफ्नो मतपत्र छिटोभन्दा छिटो हुलाकमा पोस्ट गर्न निश्चित गर्नुहोस् जसले गर्दा सो मतपत्र मतदानको दिन (नोभेम्बर 2) मा पुगोस्।*

**बढी सहयोगका लागि:**

मतदानका लागि रजिस्टर गर्न सहयोग प्राप्त गर्नका लागि कृपया आफ्नो उपचार टोलीसँग सम्पर्क गर्नुहोस्। हामी यहाँ तपाईँलाई सहयोग गर्नका लागि नै हौँ।